# एज्रा र नेहमिया

## *(Ezra & Nehemiah)*

### (मिशन समाचार सहित)

लेखकः
जिरी मोस्काला

भावानुवादकः
भजुराम तखाछें श्रेष्ठ

हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
सन् २०१९ (बि.सं. २०७६)

ईन्टरनेट वेबसाईट : www.nepalworks.com/bhajupurna
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७६ (ई.सं. २०१९)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भाषा शुद्धीकरणः धन बहादुर पुलामी

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## एज्रा र नेहमियाका अनुसार सुसमाचार

बाइबलका धेरै व्यक्तित्वहरूमध्ये परमेश्‍वरका अगमवक्ता एज्रा र नेहमिया असाधारण व्यक्तित्व भएका मानिस थिए भन्दा फरक नपर्ला। तिनीहरूको जीवनको केन्द्रविन्दु परमेश्‍वर हुनुहुन्थ्यो, तिनीहरूले परमेश्‍वरको वचनलाई हेरेर जीवन जिएका थिए र पवित्र आत्माको अगुवाईमा चलेका थिए। परमेश्‍वरका जनहरूले उहाँको नाउँ उच्च पारुन्, सम्पन्न र समृद्ध अर्थात् सबै कुरामा फलिफाप होस् भन्ने तिनीहरूको भित्री र गहिरो चाहना थियो। साथै परमेश्‍वरका जनहरू भनेर कहलाइएकाहरूले सारा विश्वको सामु उहाँको इज्जत, गरिमा, पराक्रम र महिमालाई घोषणा गर्न सकून् भनेर पनि तिनीहरूले चाहेका थिए। जब परमेश्‍वरसँग "हुन्छ" भनेर उहाँसँग सहमत भएर उहाँको इच्छामा चल्न यदि कसैले चाहन्छन् भने तिनीहरूबाट परमेश्‍वरले के गर्नु हुदो  रहेछ भन्ने कुरा तिनीहरूको अनुकरणीय उदाहरणले देखाउँछ। परमेश्‍वरले मानिसहरूबाट चाहनुहुने आदर्श जीवनको नक्कल  वा अनुकरण एज्रा र नेहमियाबाट गर्न सकिन्छ। तिनीहरू परमेश्‍वरमा समर्पित, विश्‍वासिला र भरपर्दा सेवक तथा अगुवाहरू थिए।

हामीले जन्मैदेखि पाप स्वभाव लिएर आएका हुन्छौं, हाम्रो आनीबानी खराब हुन सक्छ, हाम्रो वंशजको कारणले हामी विभिन्न स्वभावहरूले मोडिएका हुन्छौं। जसलाई परिवर्तन गर्न मानिसले जस्तो सुकै घोर प्रयास गरेतापनि यदि त्यहाँ सत्य, स्वच्छ र दिगो तथा स्थायी परिवर्तनको अपेक्षा गर्ने खालको पूरा परिवर्तन अर्थात् कायपलट नै गर्न चाहने हो भने त्यहाँ परमेश्‍वरको वचनको विकल्प नै रहदैन।अर्कोतर्फ पवित्र आत्माको सहयोग बिना परमेश्‍वरको वचन बुझ्नै सकिंदैन। परमेश्‍वरलाई विश्‍वास गर्ने उहाँका उपासकहरू अर्थात मानिसको बल वा शक्तिले होइन तर उहाँको आत्माले यी सबै कुरामा विजय प्राप्त गर्दछ अर्थात जिउँदछ अनि उहाँले परिचालन गर्नुहुन्छ (जकरिया ४:६)। यदि परमेश्‍वरले दिनुभएका विभिन्न प्रतिज्ञाहरूलाई विश्‍वासद्वारा हृदयमा उहाँको कुनै भक्तले सजाइराख्यो भने उसको जीवन अत्यन्तै जोसिलो र आत्मिक हुनेछ।(हाबाकूक २:४)

हाम्रो जीवन सहज छैन। परमेश्‍वरलाई विश्‍वास गर्दैमा सबै कुरा ठिक ठिक हुन्छ भन्ने छैन।वास्तविक रूपमा हाम्रो जीवन जटिल छ भनेर यस

अध्ययन पुस्तकले चित्रण गर्दछ। जब हामी कुनै असल काम गर्न अघि सर्छौं तब त्यतिनैबेला कुनै न कुनै वाधा आउँछ र त्यसको विरोध गर्ने तत्वहरू उत्पन्न हुन थाल्दछन्।आफ्नो अगाडि साथी बनेर देखाउनेहरूले नै हाम्रो कामको भित्रभित्रै वा खुलेआम विरोध गर्न थाल्छन्।जो हाम्रो शत्रु पनि बन्न पुग्दछन्। असल काम गर्दा बाधा र विरोध आउँछ भने शैतान जीवित छ र पाप कुनै मनगडन्ते विषय नभएर वास्तविक सत्य हो भन्ने सबुत प्रमाण पनि हो। मानवीय तरिकाले हामी शैतानसँग युद्ध गर्न सक्दैनौं किनभने खराब वा दुष्टता हामी भन्दा बलियो छ। परमेश्वरमार्फतमात्र हामी विजयी जीवन बिताउन सक्छौं। हाम्रो सोचबिचारलाई आमूल परिवर्तन गर्न र सन्तुलित र अर्थपूर्ण जीवन विताउने शक्ति उहाँलेमात्र दिन सक्नुहुन्छ। जीवनका अनेकौं निराशाहरू हाम्रो निम्ति परिवर्तन गर्ने सुअवसर हुन सक्छन्। कतिपय समयमा हामीले सोचे जस्तो हुँदैन, हामीले जे गरेपनि असफल भइरहेको महुसस हामी गर्दछौं तर ती सबैलाई हामीले परमेश्वरमा सुम्पिदयौं भने ती हाम्रो आत्मिक जीवनको बिकासको निम्ति अघि बढाउने कारक हुन सक्छन् साथै यथार्थमा कुन अतिआवश्यक कुराहरूमा हामीले ध्यान दिनुपर्छ त्यसमा हामी केन्द्रित हुन सक्नुपर्छ। परमेश्वरमा समर्पित जीवन बिताउन सक्यौं भने हामीमा आउने प्रत्येक सङ्कष्ट र समस्याबाट पार हुन उहाँले हामीलाई बल दिनुहुनेछ।

यस संसारको वास्तविक परिस्थितिलाई महसुस गरेर नै हो, एज्रा र नेहमियाका पुस्तकहरूको अन्त्य सकारात्मकरूपमा भएको छैन। पाप अत्यन्तै गम्भीर तत्व हो र यो तुरन्तै र सजिलैसँग फैलिन्छ। यो तीतो सत्य हो कि परमेश्वरका जनहरूले सामना गर्नुपर्ने सबभन्दा ठूलो चुनौति बाहिरबाट होइन परमेश्वरकै जनहरूबाट आउँदछ। तिनीहरू उहाँप्रति गद्दारी वा विश्वासघात गर्छन् र उहाँबाट प्रकट भएको चाहना अनुसार नचल्ने निर्णय गर्छन्। परमेश्वरप्रति विश्वास कायम राखेर चल्नु र उहाँले दिनुभएका विभिन्न शिक्षाहरूप्रति प्रतिवद्धता जनाएर चल्नु परमेश्वरको चर्चको निम्ति सबभन्दा ठूलो परीक्षा हो। लगनशील भएर परमेश्वरका वचनहरूमा भएका कुराहरूलाई खोजिरहनु, बुझिरहनु र त्यसलाई हृदयदेखि उतारिरहनुबाट नै जीवन परिवर्तन गर्ने शक्ति आउँछ भन्ने कुरा एज्राको पुस्तकलाई सहीरूपमा बुझ्न सकियो भने थाहा हुन्छ।

७० हप्ताहरू र २,३०० बेलुका र बिहानको भविष्यवाणी जुन् ई.पू. ४५७मा सुरू भएको थियो सो पूरा गर्न परमेश्वरको निगाहपूर्ण हस्तक्षेत भएको

थियो। उहाँले राजा अर्तसास्त एकलाई प्रभाव पार्नुभयो र उनले एज्रा र इस्राएलीहरूको समूहलाई यरुशलेममा फिर्ता गर्न अनुमति दिए। तिनीहरूको यात्राको जिम्मा पनि उनै राजाले लिए साथै पवित्र मन्दिरमा हुने सेवाकार्यलाई चाहिने भौतिक र आर्थिक मद्दत पनि उपलब्ध गराए ।(एज्रा ७:११-२८)।

आफ्ना जनहरूप्रति परमेश्वरको रक्षादृष्टि, उहाँको विश्वसनीयता र करार नै ती दुई पुस्तकहरूका मूल धार्मिक विषयबस्तुहरू हुन्। उहाँका जनहरू संकुचित वा सानो चित्तका भएतापनि, आफ्नो मार्गमा अलमलिएतापनि, गलतबाटोतिर आकर्षित भएतापनि र जिद्दीवाल भएतापनि परमेश्वरले गर्नुभएको प्रतिज्ञाहरूलाई उहाँले पूरा गर्नुभएको थियो। आत्मिक जीवनप्रति आलस्य वा सिथिल हुने प्रवृत्तिबाट पुन जागरुक गराउन र बिचलित जीवनलाई सुधार गरेर चलाउन परमेश्वरले आफ्ना सेवकहरूमार्फत उहाँकै जनहरूलाई आह्वान गर्नुभएको थियो।

"यरुबाबेल, एज्रा र नेहमियाको नेतृत्वमा निर्वासनबाट फिर्ता आएका इस्राएलीहरूको काम यरुशलेमको पुननिर्माण र सुधार गर्नु थियो। यो संसार इतिहासको बन्द हुने अन्तिम दिनहरूमा परमेश्वरका जनहरूमा हुनुपर्ने आत्मिक पुनर्निमाणको चित्रण ती इस्राएलीहरूको क्रियाकलापले प्रस्तुत गर्दछ। इस्राएलमा भएका बाँकी र बचेखुचेका सन्तानहरू कमजोर थिए र शत्रुका विध्वंसात्मक क्रियाकलापहरूमा उदास भएका थिए। तर तिनीहरूबाट परमेश्वरले आफ्नो ज्ञान र उहाँको व्यवस्थालाई सुरक्षित राख्ने निर्णय गर्नुभएको थियो। सत्य आराधनालाई सुरक्षित राख्ने अभिभारा तिनीहरूलाई सुम्पिइएको थियो। परमेश्वरका वचनहरूलाई सञ्चिता गर्ने जिम्मा तिनीहरूलाई नै दिइएको थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस्,* पृ. ६७७बाट रूपान्तरित। एज्रा र नेहमिया ऐतिहासिक रूपमा जोडिएका छन्। परमेश्वरका जनहरूको जीवनको निर्णायक संक्रमणकाल वा अवधिमा ती दुई अगुवाहरू देखा परेका थिए। ती पुस्तकहरूको ठूलो कथामा २३ वटा अध्यायहरू छन्। त्यहाँ धेरै उपकथाहरू छन्। जसले एक आपसलाई व्याख्या गर्दछन् साथै समान धार्मिक वा परमेश्वरको चाहनालाई मानिसहरूले कसरी स्वीकार गरे वा विरोध गरे भन्ने विषयवस्तुहरू समेटिएका छन्। ती दुई पुस्तकहरूको वनावटलाई होसियारीपूर्वक हेर्यौं भने हामीले परमेश्वरका दुई स्वभावहरूलाई देख्न सक्छौंः महान् ऐतिहासिक क्रियाकलापमा उहाँको संलग्नता र अनुग्रहले भरिपूर्ण उहाँको नेतृत्व।

यी पुस्तकमा लेखिएका सबै बृतान्तहरू क्रमवद्ध रूपमा लेखिएका छन् भन्न मिल्दैन र कतिपय भागहरू बुझ्न अत्यन्तै गम्भीर रुपमा सोच्नुपर्ने गरेर पनि लेखिएका छन्।

एज्रा र नेहमियाको चुनौती परमेश्वरको मन्दिरको पुननिर्माण गर्नु होइन भनेर पनि हामी हेर्नेछौं। यो ई.पू. ५१५मा सम्पन्न भएको थियो जुन् एज्रा यरुशलेममा आउनु भन्दा ५० वर्ष पहिले भएको थियो। यरुशलेम सहरको पुननिर्माण गर्ने, तिनको प्रशासकीय काममा रेखदेख गर्ने र शत्रुहरूबाट राष्ट्रियरूपमा स्वतन्त्र पार्ने जिम्मा तिनीहरूलाई दिइएको थियो। अन्तमा गएर मसीहको आगमनको निम्ति वातावरण तयार पार्ने अभिभारा तिनीहरूलाई सुम्पिइएको थियो।

जब परमेश्वरको वचन यस अध्ययन पुस्तकमा हामी पढ्छौं, यस पुस्तकका लेखक यी कामनाहरू गर्छन्ः हाम्रो आलस्य आत्मिक जीवन जुर्मुराउने काममा प्रेरणा पाउन परमेश्वरले हामीलाई आशिष दिऊन्, हाम्रो हृदयमा यसले छोओस् र घचघचाओस्, हाम्रो सोचबिचारमा आमूल परिवर्तन ल्याओस् र दिनदिनै परमेश्वरका मार्गहरूमा विश्वाससाथ र जोशिलोपाराले चल्न उहाँले हामीलाई सामर्थी बनाउनु भएकोहोस्।

*यस अध्ययन पुस्तकको लेखक जिरी मोस्काला, टिएचडी, पिएचडी हुनुहुन्छ। अर्थात् उहाँ धर्मशास्त्र बाइबलको प्रखर विद्वान हुनुहुन्छ। उहाँ आन्द्र्यु युनिभर्सिटीको सेभेन्थ-डे एडभेन्टिस्ट सेमिनारीमा पुरानो करारलाई व्याख्या गर्ने र धर्मविज्ञानको प्राध्यापक हुनुहुन्छ। उहाँ त्यस युनिभर्सिटीमा सन् १९९९देखि कार्यरत हुनुहुन्छ। त्यस विश्वविद्यालयमा आउनुभन्दा अघि मोस्कालाले विभिन्न क्षेत्रमा विभिन्न दक्षता अनुसार काम गर्नु भएको थियो। उहाँ अभिषेक गरिएको पास्टर हुनुहुन्छ, उहाँले प्रशासक, शिक्षक र प्रिन्सपिल भएर पनि काम गर्नु भएको थियो। चेकोस्लोभाकियामा उहाँले ती कामहरू सम्हाल्नुभएको थियो। उहाँ विभिन्न धार्मिक विज्ञान संस्थाहरूका सदस्य हुनुहुन्छ। उहाँले चेकोस्लाभाकिया र अङ्ग्रेजी भाषामा बिभिन्न लेख र पुस्तकहरू लेख्नु र वा सम्पादन गर्नुभएको छ। त्यसको साथै उहाँ जोर्डनमा टेल जालुल भन्ने स्थानमा विभिन्न पुरातत्व, उत्खनन्, खोज तथा अनुसन्धानमा पनि सरिक हुनुभएको थियो।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | इतिहासको औचित्य देखाउन | १ |
| २. | नेहिमया | १४ |
| ३. | परमेश्वरले बोलाउनुहुन्छ | २८ |
| ४. | विरोधिहरुको सामना | ४८ |
| ५. | व्यवस्थाको आत्मिक अर्थको आवज्ञा | ६४ |
| ६. | परमेश्वरको वचन पढेर सुनाउनु | ७९ |
| ७. | हामीलाई क्षमा दिने परमेश्वर | ९४ |
| ८. | परमेश्वरको करार | १११ |
| ९. | दु:खकष्ट, सतावट... | १२९ |
| १०. | परमपिता सृष्टिकर्ताको आराधना | १५१ |
| ११. | परमेश्वरद्वारा त्यागिएका मानिसहरु | १६७ |
| १२. | गलत निर्णयहरुप्रति अपनाउनुपर्ने सावधानी | १८५ |
| १३. | इस्रायलका अगुवाहरु | २०३ |

## अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन पुस १२, २०७६ (डिसेम्बर २८, २०१९) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज ११-१७ (सेप्टेम्बर २८-अक्टुबर ४) |
| २ | अध्याय २ | असोज १८-२४ (अक्टुबर ५-११) |
| ३ | अध्याय ३ | असोज २५- कार्तिक १ (अक्टुबर १२-१८) |
| ४ | अध्याय ४ | कार्तिक २-८ (अक्टुबर १९-२५) |
| ५ | अध्याय ५ | कार्तिक ९-१५ (अक्टुबर २६-नोभेम्बर १) |
| ६ | अध्याय ६ | कार्तिक १६-२२ (नोभेम्बर २-८) |
| ७ | अध्याय ७ | कार्तिक २३-२९ (नोभेम्बर ९-१५) |
| ८ | अध्याय ८ | कार्तिक ३०-मंसिर ६ (नोभेम्बर १६-२२) |
| ९ | अध्याय ९ | मंसिर ७-१३ (नोभेम्बर २३-२९) |
| १० | अध्याय १० | मंसिर १४-२० (नोभेम्बर ३०-डिसेम्बर ६) |
| ११ | अध्याय ११ | मंसिर २१-२७ (डिसेम्बर ७-१३) |
| १२ | अध्याय १२ | मंसिर २८- पुस ४ (डिसेम्बर १४-२०) |
| १३ | अध्याय १३ | पुस ५-११ (डिसेम्बर २१-२७) |